गौरीशंकर गाउँपालिका
Gaurishankar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
सुरी, दोलखा । Suri, Dolakha.
बागमती प्रदेश, नेपाल । Bagmati Province, Nepal

पत्र संख्या/ Ref. No. :- ०८०/०८१
चलानी नं. /Dispatch No.: ९०४

मिति/ Date:- २०८१/१२/१०

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

चालु आ.व. ०८१/०८२ मा गौरीशंकर गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ५०% अनुदानमा कृषि खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने भएको हुँदा गौरीशंकर गाउँपालिका वडा नं ६ भित्रका इच्छुक सम्वन्धित फर्म/समूह/सहकारी तथा अन्य लक्षित समुदायबाट तपसिलको मापदण्ड पूरा गर्नेगरी आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन मिति २०८१/१२/२४ गते कार्यालय समयभित्र यस गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकाश शाखा सुरी, दोलखा, हरेक आईतवार र सोमबार सेवा केन्द्र भोर्ले र वडा नं ६ कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै रित नपुगि तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन हुने स्थान | बजेट रु. | सञ्चालन योग्य सम्भावित क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | कृषि खेती प्रवर्द्धन गौरीशंकर-६ | गौरीशंकर गाउँपालिका वडा नं ६ क्षेत्रभित्र | ४०००००/- | • आधुनिक कृषि यन्त्र खरिद ।<br>• मल, विउ, विरुवा र किटनाशक खरिद ।<br>• कृषि उपज भण्डारण स्थल निर्माण तथा मर्मत। |

**आवेदन साथ संगलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१) निवेदनको साथमा संक्षिप्त कार्ययोजना र प्रतिबद्धता पत्र ।
२) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।
३) समूह/सहकारी/फर्म दर्ता/नविकरण र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
४) गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन (लेखापरिक्षण गर्नु पर्नेको हकमा) र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५) प्रस्तावित कार्यक्रम बारे बैठकको निर्णयको प्रतिलिपि । (एकल फर्मको हकमा लागू नहुने)
६) सम्वन्धित वडा कार्यालयको सिफारीस ।
७) प्रस्ताव पेश गर्न जिम्मेवार व्यक्तिलाई अख्तियारी दिएको निर्णय प्रतिलिपि र जिम्मेवार व्यक्तिको नागरिकताको प्रतिलिपि । (एकल फर्मको हकमा लागू नहुने)
८) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ (पाँच) वर्षको करार सम्झौता ।

रिजेश उप्रेकोटी
प्रमुख प्रशासकिय अधिकृत

पुनश्चः थप जानकारीको लागि गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखा सुरी,दोलखामा सम्पर्क गर्न सकिने छ।
सम्पर्क नं. – (९८६१३८३६३८, ९८४४६७१६०२, ९८४१९८५०२९)



CamScanner